अधिकारको ऐन बनाई घोषित गर्नुपर्ने वान्छनीय देखिएकोले यो ऐन बनाई यसै-साथ पेश गरिएको छ।

आज्ञाले —
कुलशेखर शर्मा
सेक्रेटरी——सल्लाहकार सभा.

## सल्लाहकार सभाको सूचना

प. सं. ५६०  ६–८–०११

सल्लाहकार सभाको कार्यसंचालन तथा कार्यविधिको नियम ८६ अनुसार सल्लाहकार सभाका माननीय अध्यक्षले निम्नलिखित बिललाई गजेटमा प्रकाशित गर्ने आज्ञा दिनुभएकोले, उक्त बिललाई सर्व साधारणको जानकारीको निमित्त यस प्रकाशित गरिएको छ।—

## पर्ती जग्गा प्राप्त गर्ने विधेयक (बिल) २०११
## सल्लाहकार सभामा पेश गरिएको

राष्ट्रीय उत्पादन बढाउनको निमित्त पर्ती जग्गा प्राप्त गर्नको लागी बनेको

## विधेयक (बिल)

सल्लाहकार सभाका सल्लाहअनुसार श्री ५ महाराजाधिराजबाट देहायको ऐन स्वीकार गरी जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम र विस्तारः—(क) यो ऐनको नाम–'पर्ती जग्गा प्राप्त गर्ने ऐन, २०११' भन्ने रहेको छ।

(ख) यो ऐन नेपाल राज्यभर लागू हुनेछ।

२. (क) पर्ती जग्गाले जनकार्यको निमित्त पर्ती राखिएको टुँडिखेल सरकारले उप-योग गरिरहेको जग्गा, पार्क, गौचर, खेलकुद गर्ने चौर, तलाउ, ब्याम र

९२८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मसान घाट, जग्गामध्येको केही प्रतिशत घर बनाउने सामान उत्पादन गर्ना-को निमित्त छुट्याइएको जग्गा इत्यादिबाहेक अरू पर्ती रहेको जग्गालाई जनाउँदछ, तर शहर वा गाउँको भित्रको आँफो जग्गालाई यस ऐनको निमित्त पर्ती जग्गा भनी मानिनेछैन।

१. जुन जग्गा सरकारी स्रेस्तामा विरान वा पर्ती भनी जनाइएको छ।

२. जुन जग्गा यो ऐन लागू भएको मितिदेखि ३ वर्षअघि देखिनै आवाद भएको छैन।

(ख) यदि कुनै जग्गाको विषयमा पर्ती हो होइन भन्ने विवाद उत्पन्न भयो भने बडाहाकिम, मालको हाकिम र अपीलको सुब्बाले बनेको ट्रिब्यूनलले संक्षिप्त तहकिकात (ठाडो) गरी फैसला गर्नेछ। त्यसको उपर अपिल पर्‍यो भने ट्रिब्यूनलको अपील सुन्ने सरकारबाट भएको निर्णय अन्तिम हुनेछ।

३. निश्चित उद्देश्यका लागि पर्ती जग्गा प्राप्त गर्ने अधिकारः— (क) घर नभएका र सुकुंवासीलाई बसाउने सरकारी फार्महरू स्थापित वा संगठन गर्ने उद्देश्यले सरकारले कुनै पर्ती जमिन प्राप्त गर्न सक्दछ।

(ख) सो जग्गा प्राप्त गर्ने बारेको कारवाई जग्गा जमिन गोस्वाराको ऐन ५ दफा अन्तरगत जग्गा प्राप्त गर्ने सम्बन्धित ऐनबमोजिम हुनेछ।

४. जग्गा जमिन गोस्वाराको ऐनमा जेसुकै लेखिए पनि ३ दफाबमोजिम पर्ती जग्गा प्राप्त गर्दा सरकारले कुनै क्षतिपूर्ति दिनेछैन।

५. आवाद गर्ने सूचना दिनेः— दफा ३ अन्तरगत कुनै जग्गा प्राप्त गर्नुभन्दा अगावै सो जग्गा आवाद गर्नाको निमित्त जग्गाधनीलाई सूचना दिइनेछ। जग्गाधनीले तोकिएको अवधिभित्र सो जग्गा आवाद गरे गराएमा त्यस्तो जग्गा सरकारद्वारा प्राप्त गरिनेछैन।

६. नियम बनाउने अधिकारः—यो ऐनको उद्देश्य पूर्ति गर्नको लागि सरकारले नियमहरू बनाउन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## उद्देश्य र कारण

हाम्रो कृषिप्रधान मुलुकमा कुनैले हजारौ बिघा जमीन पर्ती राखी राखेका र कुनैले घर बनाई बस्नसम्म पनि जग्गा पाएको छैन । फलस्वरूप राष्ट्रीय उत्पादनमा धेरै नोक्सान भैरहेको र सामाजिक दृष्टिकोणले पनि यो व्यवस्था न्यायपूर्ण नदेखिनाले सामाजिक न्याय तथा राष्ट्रीय उत्पादन बढाउना निमित्त यो 'पर्ती जग्गा प्राप्त गर्ने ऐन, ०११' तयार भएको छ ।

आज्ञाले—
कुलशेखर शर्मा,
सेक्रेटरी—सल्लाहकार स. भा

मुद्रण विभाग, सिंहदरबार

(१३०)
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।